# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : १ संख्या : २ असार ०९, २०७८

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८/०३/०७ गतेको गाउँ कार्यपालिकाको २६औं बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ ।

**२६.१** गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम स्वीकृतिका लागि आठौं गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**२६.२** यस गाउँपालिकाबाट सबै वडामा मेलमिलाप कर्ताको तालिम सम्पन्न भइ सकेको हुँदा प्रत्येक वडामा मेलमिलाप केन्द्र सञ्चालन गर्नको लागि मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**२६.३** घरेलु हिंसामा परेका महिला तथा बाबलबालिकाहरुलाई सहयोग गर्नको लागि स्थापना भएको लैङ्गिक हिंसा निवारण कोष सञ्चालनको लागि लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**२६.४** गाउँपालिकाले आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि अनलाइन रायसुझाव माग गरेकोमा पालिकालाई महत्वपूर्ण रायसुझाव पेश गर्नुहुने श्री कृष्ण भुसाल, राजेन्द्र विक्रम कुँवर, हिमाल ज्ञवाली लगायतका सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

आज्ञाले,

(लक्ष्मण पाण्डे)

प्रमुख प्रशासकीय अधिकृत